# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३।०६।११ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---------------------------------------------------------

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, वीरेन्द्रनगर, सुर्खेतमा उप-प्राध्यापक पदमा कार्यरत सुनिल देवकोटाले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नियुक्ति लिएको भन्ने उजुरीको आधारमा अनुसन्धान तथा छानविन हुँदा निज सुनिल देवकोटाले नेपाल सरकारको राष्ट्रसेवक, उप-प्राध्यापक पदमा नियुक्ति पाउने, बहाल रहने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले चौधरी चरणसिंह विश्वविद्यालय, मेरठ, भारतबाट BBA उत्तिर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी ओहोदामा नियुक्ति तथा लाभ सुविधा लिई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज सुनिल देवकोटालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी